# सोलुदुधकुण्ड नगरपालिका
༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल


प.सं. २०७७/७८

च.नं. १८१६

मिति :- २०७७/११/०६

**<u>आगामी आ.व.०७८/०७९ मा न्युनतम रोजगारीमा संलग्न हुनको लागी निवेदन दिने बारे सूचना।</u>**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली (पहिलो संशोधन , २०७७), को नियमा ७, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन २०७७ सहित) को दफा १८, बमोजिम आर्थिक वर्ष २०७८/०७९ मा स्थानीय तह अन्तर्गत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरीने न्युनतम रोजगारीमा संलग्न भई सामुदायिक विकास निर्माणका काममा योगदान दिन इच्छुक वेरोजगार व्यक्तिहरुले आफुले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा गई <u>२०७७ फागुन महिना</u> भित्र रित पूर्वक वेरोजगार व्यक्तिको सूचिमा सूचीकृत हुनका लागी सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

कृष्ण प्रसाद लापागाई

प्रमुख प्रशासकीय अधिकृत

**<u>न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड</u>**

१. १८ वर्ष देखी ५९ वर्ष समूह भित्रको।

२. निवेदन दिदाको मितिसम्म सोहि आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको।

३. निवेदन दिदाको मिति सम्म सोहि आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको।

४. पूर्ण विवरण सहित रित पूर्वक निवेदन भई कार्यक्रममा सहभागी हुन इच्छुक रहेको।

**<u>न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजात तथा जानकारी</u>**

१. निवेदकको स्पष्ट देखिने नागरिकताको फोटोकपी एक प्रति।

२. निवेदकको नागरीकतामा स्थायी बसोबास गरेको नगरपालिकामा नदेखिएमा बसाईसराई वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदक अपाङ्ग भएमा अपाङ्ग प्रमाणपत्रको प्रतिलिपि।

३. निवेदनमा निवेदक सहित परिवारका सम्पुर्ण सदस्यहरुको नाम, निवेदकसँगको नाता, जन्म मिति, नागरिकता नं, जारी मिति, जारि जिल्ला, शैक्षिक योग्यता, सीप, रोजगारीको अवस्था, कुनै पनि किसिमको सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वा आम्दानी लिए नलिएको विवरण, व्यक्तिगत आय, पारिवारिक आय, आदी निवेदनमा भएका सम्पुर्ण विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ।

४. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा पासपोर्ट, फिर्ता आएको स्पष्ट देखिने प्रतिलिपि, भिसा नं र फिर्ता भएको देश उल्लेख गर्नुपर्नेछ।

५. निवेदक निरक्षर भए फारम भर्न असमर्थ भएमा वा केहि अस्पस्टता भएमा वडा सचिवसँग समन्वय गर्नुपर्नेछ।

**<u>(नोट : निवेदनमा मागिएका विवरण पूर्ण, स्पष्ट र सत्य नभएमा सूचिकृत नहुने जानकारी गराईन्छ।)</u>**